दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १८० | बुटवल | २०८२ असार १२ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday June.26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



सांस्कृतिक विविधताको सम्मान गरौं

- सबै धर्म, जात, जाती भाषाभाषी, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

'सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं । '

नेपाल सरकार विज्ञापन बोर्ड


## सडकमा सरकारको नालायकीको पराकाष्ठा :

# मुलुककै लाइफलाइन भाँचिएको ६ महिनासम्म छैन विकल्प

**चार दिनसम्म बर्दघाटमा सयौं ट्रक सडकमै रोकिंदा चालकहरु लामखुट्टेको टोकाइले डेंगु संक्रमित भएर अस्पताल भर्ना हुन बाध्य भएका छन् । यतिका दिनसम्म एउटा डाइभर्सनको विकल्प दिन नसकेकोमा चालक र यात्रुहरु राज्यप्रति आक्रोश व्यक्त गर्दै सोध्छन्- सरकार के हेरेर बसेको छ ?**





**टिआर शर्मा**

*बुटवल*

सुनवल-६ का थीरलाल पराजुली क्यान्सर रोगी आफ्ना छिमेकी प्रेमलाल रिमाललाई भेट्न र अप्रेशनका लागि रगत दिन बुधबार बिहानै क्यान्सर अस्पताल चितवनका लागि घरबाट हिंडे । तर आधा घण्टामै बर्दघाट पुग्दा बस रोकियो । चार घण्टासम्म बस रोकिंदा र कहिले जाम खुल्ने हो ठेगान नहुँदा उनमा छटपटी र बेचैनी भयो । 'पञ्चायतकालमा राजा महेन्द्रले बनाएको सडक अहिलेसम्म उस्तै हालतमा हुनु विडम्बना हो,' पराजुलीले भने-'अहिलेको सरकारलाई सत्ता जोगाउने बाहेक अरु कुरामा ध्यान छैन, कहिले सडक खुल्ने हो र विरामी भेट्न पाइने हो ठेगान छैन ।'

सडकको सास्तीले उनी सरकारप्रति निकै रुष्ट देखिए र प्रधानमन्त्री, मन्त्रीविरुद्ध मुर्दावादकै नारा लगाउन पुगे । सडकमा रोकिएका ट्रक चालकले उनलाई साथ दिंदै नारा भट्ट्याए । उनले व्यवस्था नै परिवर्तन गर्नुपर्नेसम्मको तर्क गरे ।

नेपालगञ्ज-काठमाडौं चल्ने भे १ ख ४३६० नम्बरको बस गत साता बुटवलबाट पाल्पा, स्याङ्जा, पोखरा, मुग्लिन हुँदै काठमाडौं पुग्यो । नेपालगञ्जबाट बुटवल, बर्दघाट दाउन्ने नियमित र छोटो रुट हुँदै काठमाडौं जानुपर्ने बस विनयी खोलाको डाइभर्सन बगेको र दाउन्नेको उकालोमा पानी पर्दा गुड्न नसक्ने डरले यसरी रुट परिवर्तन गर्न बाध्य भएको हो । यसरी रुट परिवर्तन गरेर गाडी चलाउँदा यात्रु कम पाइने, सरकारले तोकेको भाडा नपाइने, डिजेलमा मात्रै एक पटकमा १५ हजारसम्म बढी खर्च हुने गाडीका मालिक र चालक विकास बडुवालले बताए । आफू जस्तै धेरै बस यसरी नै रुट परिवर्तन गर्न बाध्य भएको उनले बताए । 'दुम्किबासको डाइभर्सन बगेको र पानी पर्दा दाउन्नेमा गाडी गुडाउन नसकिने डरले १४ घण्टाको बाटो बदलेर २८-३० घण्टा लाग्ने पोखरा रुटमा हिंड्नुपरेको छ,' बडुवालले भने-'१४ किलोमिटरको दुम्किबास दाउन्नेमा पुल र सडक बन्दा नयाँ बाटोमा गाडी चलाउनुपर्दा सकस हुन्छ, यात्रु पनि पाइँदैनन्, भाडा बढ्न जाँदा यात्रुले पूरा भाडा दिन खोज्दैनन्, डिजेल मात्रै १५ हजार बढी खर्च हुन्छ ।'

बडुवालले अहिलेका प्रधानमन्त्री केपी ओलीले रेल र पानी जहाजका कुरा छाडेर पहिले राम्रो सडक बनाउनुपर्ने सुझाए । 'हामीलाई अहिले रेल र पानी जहाज चाहिएको हैन, गाडी गुड्ने राम्रो सडक चाहियो,' बडुवालले रुष्ट हुँदै भने-'सरकार वर्ष भरि निदाउँछ, बर्खा लागेपछि बाटो खन्न तातेर कहाँ हुन्छ ?'

भैरहवा-काठमाडौं रुटमा ट्रक चलाउँदै आएका कृष्णबहादुर श्रेष्ठ असार ८ गते भैरहवाबाट पूर्व पश्चिम राजमार्ग हुँदै पश्चिम नवलपरासीको बर्दघाट पुगे । बर्दघाटमा प्रहरीले दुम्किबासको डाइभर्सन बाढीले बगाएको भन्दै ट्रक त्यहीं रोक्न भन्यो । त्यस यता चौथो दिनसम्म श्रेष्ठ बर्दघाटको सडकमै दिन-रात बिताउन बाध्य छन् ।

ना ५ ख ७४११ नम्बरको ट्रक चालक श्रेष्ठले दुई दिनमा पुगिने रुटमा अहिले चार-पाँच दिन लाग्ने गरेको बताए । 'चार दिनसम्म सडकको बास भयो, ल्याएको खर्च पनि सकियो, होटेलमा बसौं भने पैसा छैन, ट्रकमा सुत्दा गर्मीले सकिन्न, बाहिर लामखुट्टेले टोकेर सुत्न दिन्न, दिशा पिसाब गर्न पनि शौचालय पनि छैन, असाध्यै दुःख पाइयो,' श्रेष्ठले आक्रोश पोख्दै भने-'केही दिनअघि काठमाडौंबाट भैरहवा आउँदा दुम्किबासमा पनि चार दिन रोकिनुपरेको थियो, यतिका दिनसम्म राज्यले के हेरेर बसेको छ ? ।'

ना.६ ख ३२८४ नम्बरको ट्रकका चालक बुद्धिसागर न्यौपाने पनि ४ दिनदेखि बर्दघाटमै रोकिएका छन् । भैरहवाबाट काठमाडौं हिंडेका उनी पनि चार दिनसम्म सडकमा रोकिनुपर्दा आफ्ना दुई जना चालक साथी लामखुट्टेको टोकाइबाट डेंगु संक्रमित भई अस्पताल भर्ना हुनुपरेको र आफूले सास्ती बेहोर्नुपरेकोमा न्यौपाने राज्यसँग रुष्ट छन् । 'राज्यले ६ महिनासम्म डाइभर्सनको विकल्प दिन त सकेन नै, विनयी खोला पारीबाट होङ्सी सिमेन्ट उद्योग हुँदै दुम्किबास पुग्ने वैकल्पिक मार्ग चलाउन समेत नसक्दा यात्रु र चालकले दुःख पाए,' न्यौपानेले भने-'राज्यले स्थानीयलाई चित्त बुझाएर त्यहाँ ग्राभेल गर्दिएको भए यसरी चार पाँच सय ट्रक ४-५ दिन सडकमा रोकिनुपर्ने थिएन, यो सरकार निकम्मा भएर यस्तो भएको हो ।'

सरकारले अब पनि सडक सुचारु गर्न नसके ट्रक चालकले आफैँ सडक बन्द गरेर आन्दोलनमा उत्रिने भन्दै न्यौपानेले आक्रोश पोखे । 'गृहमन्त्री, यातायात मन्त्री, उद्योग वाणिज्य संघ, ट्रक व्यवसायी, मजदुर संगठन कोही पनि सडकको यस्तो हालत प्रति संवेदनशील छैनन्,' उनले आक्रोश पोख्दै भने-'अब पनि सडक खुलेन भने चालकहरु कपडा खोलेर नांगै सडकमा उत्रिने हो ।'

ना ६ ख ३६९९ नम्बरको ट्रकमा आलु र प्याज भरिएको छ । अरु २२ वटा आलु प्याज बोकेका ट्रक पनि ४ दिनदेखि बर्दघाटमै रोकिएका छन् । चर्को गर्मीमा छिट्टै कुहिने बस्तु ट्रकमा भए पनि प्रहरीले जान नदिएको चालक सुवोध पासवानले गुनासो गरे । 'बसलाई जान दिएको छ, तर ट्रकलाई चार दिन देखि रोकेर राखेको छ, यहाँ आलु र प्याज कुहिन लागिसक्यो,' पासवानले भने-'नबिग्रियोस भनेर दिनमा २०-२५ पटक त्रिपाल खोल्ने र बन्द गर्ने गर्नुपरेको छ, बिग्रेर गन्हाउन थालिसक्यो, गन्धले ट्रकमा आफू पनि बस्न र सुत्न सकिन्न, अरु साथीलाई पनि गाह्रो भएको छ ।'

वीरगञ्ज- भैरहवा रुटका ट्रक चालक अनवर हुसेनले चार दिनसम्म सयौं ट्रक सडकमा रोकिंदा सम्बन्धित पालिकाका मेयर, उपमेयर र वडाध्यक्षहरु अवस्था के कस्तो छ भनेर जानकारी दिन समेत नआएको गुनासो गरे । 'चार पाँच सय सडकमा ट्रक लाइन लागेका छन्, यता धेरै ट्रकका चालक, सह-चालक सडकमा कसरी बसे होलान्, खाए होलान् कि भोकै होलान्, दिशा पिसाब कहाँ गरे होलान् भन्ने न्यूनतम मानवीयता पनि देखिएन,' हुसेनले भने-'हामी बेखर्ची भइयो, कसैले खाना खान पाएका छैनन् तर कसैले वास्ता गरेनन् ।'

बर्दघाटमै भेटिएका चालक ज्ञानबहादुर कार्कीले पुल भाँचिएको ६ महिनासम्म भरपर्दो विकल्प राज्यले दिन नसक्दा हजारौं चालक र लाखौं यात्रुले सास्ती भोग्नुपरेको बताए । '

» बाँकी ३ पेजमा

## सरकारको एक वर्ष सन्तोषजनक : एमाले

बुटवल । नेकपा एमाले पार्टी अध्यक्ष केपी ओली नेतृत्वको सरकारको एक वर्षे अवधि सन्तोषजनक भएको समीक्षा गरेको छ । बुधबार बसेको सचिवालय बैठकले सरकारको काम र राष्ट्रिय राजनीतिबारे छलफल गरेको उप-महासचिव प्रदीप ज्ञवालीले बताए ।

मुलुकमा राजनीतिक स्थिरता दिने, अर्थतन्त्र सुधार गर्ने र जनतामा आशा र भरोषा जगाउने संकल्पसहित कांग्रेससँग मिलेर सरकार गठन भएको स्मरण गरे । सरकारको एक वर्षको अवधिलाई सन्तोषजनक रहेको, मुलुकमा राजनीतिक स्थायित्वको आधार तयार भएको र अर्थमन्त्रले पनि लय समातेको, सडकमा देखिएको विरोधका स्वरहरु पनि कम हुँदै गएको ज्ञवालीले बताए । उनले जनताको सजकता, राजनीतिक दलको सक्रियता र सरकारको प्रभावकारिताले गणतन्त्रविरोधी गतिविधि प्रयासहरु निस्तेज भएको बताए । पार्टीको नेतृत्वमा सरकार प्रभावकारी भएको तर सुशासन र सेवा प्रवाहको क्षेत्रमा ध्यान दिनुपर्ने देखिएको उनले जनाए ।

## बिन्दा र उषाको निलम्बन फुकुवा

बुटवल । नेकपा एमालेले नेता बिन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई लगाएको निलम्बन फुकुवा गरेको छ । बुधबार बसेको एमाले सचिवालय बैठकले पाण्डेमाथि लगाएको निलम्बन फुकुवा गर्ने निर्णय गरेको हो ।

नेकपा एमालेको पार्टी कार्यालय बनाउन भाटभटेनीका सञ्चालक मीनबहादु गुरुङबाट दान लिने निर्णयको आलोचना गरेपछि गत पुस १० गते पाण्डे र उषाकिरण तिम्सेनाको जिम्मेवारी ६ महिनाका लागि खोसिएको थियो । त्यस्तै नेता भीम रावललाई पार्टीबाटै निस्काशन गरिएको थियो ।

## इरानबाट बुटवल फर्किए आठ जना



बुटवल । युद्धग्रस्त इरानबाट बुटवलका आठ जना आफ्नो घर आइपुगेका छन् ।

नेपाल सरकारको समन्वय र भारत सरकारको सहयोगमा बुटवल-१२ का गणेशप्रसाद पोखरेल र बुटवल-१३ का सुमन गैरे इरानबाट फर्केका हुन् । गणेश र सुमनसहित ११ जना नेपाल फर्किएका हुन् । जसमध्ये ८ जना बुटवलका रहेको गणेश बताउँछन् । उनीहरूलाई नयाँ दिल्लीस्थित नेपाली दूतावासले मंगलबार विमानस्थलमा स्वागत गरेको थियो । त्यसपछि उनीहरू नेपालका लागि प्रस्थान गरेका थिए ।

उनीहरू दश वर्षदेखि रोजगारीको सिलसिलामा इरान थिए । यो बिचमा आउने-जाने गर्दै आएका थिए । त्यहाँ युद्ध भए पनि आफूहरूलाई खासै अप्ठ्यारो भने नपरेको सुमन बताउँछन् ।

सुमन गएको मार्चमा घर आएर इरान फर्किएका थिए । गणेशले पनि ठूलो समस्या भोग्न नपरेको बताए । गणेशले त्यहाँको सरकारी क्याम्पमा काम गर्थे ।

गणेशसँग पाल्पा र अर्घाखाँचीका नेपालीले पनि सँगै काम गर्थे ।

युद्धविरामपछि इरानमा अहिले स्थिति समेत सामान्य हुँदै गएको छ । इजरायलमा भने करिब ५ हजार नेपाली रहेको बताइएको छ ।


कपिलवस्तु नगरपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

अनुरोधक :

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## छिटो उत्पादनमा जाऊ

दैलेखको जलजलेमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक प्रतिवेदन सार्वजनिक हुँदा नेपाली समाजमा उत्साह जागेको छ। पेट्रोलियम पदार्थसहित विभिन्न ग्यास आयात गरिरहेको मुलुकका लागि आत्मनिर्भर हुनका लागि दैलेखको यो खबरले उत्साह जगाउनु स्वभाविकै हो।

चिनियाँ विज्ञ टोलीले नेपाललाई ५० वर्ष पुग्ने प्राकृतिक ग्यास रहेको भनेर दिएको प्रतिवेदनले समाज जति उत्साहित छ, अब यो उत्साहलाई कायमै राख्न उत्खनन् र प्रशोधनको काममा ढिलाइ गर्न हुन्न। चीनको सरकारी निकाय चाइना जिओलोजिकल सर्भेको भौगर्भिक अध्ययन र चीनकै सीएनपीसी सीबु इञ्जिनियरिङ कम्पनीले २०८० बैशाख २८ गतेदेखि ड्रिलिङ अर्थात् जमिन खनेर अध्ययन थालेका थिए। त्यसका लागि ४ हजार मिटर गहिराइसम्म खनिएको थियो।

त्यतिबेला जमिन मुनिबाट ग्यासको गन्ध आएको थियो। तर ग्यासको मात्रा र गुणस्तरलगायतका थप परीक्षणका लागि चट्टानका नमूना संकलन गरी चीन लगिएको थियो। त्यसको उद्देश्य दैलेखको ग्यास व्यापारिक दृष्टिकोणले उपयुक्त छ कि छैन भन्ने पनि पत्ता लगाउनु थियो। अहिले प्राप्त रिपोर्टले ११२ अर्ब घनमिटर मिथेन ग्यास छ भन्ने पुष्टि भयो। मिथेन ग्यास पेट्रोल-डिजेलको विकल्पमा स्वच्छ इन्धन मानिन्छ। मिथेन ग्यासबाट गाडी चलाउन, बिजुली उत्पादन गर्न र घरायसी प्रयोजनमा बत्ती बाल्न सकिने खानी तथा भूगर्भ विभागका अधिकारीहरूले जानकारी दिएका छन्। मिथेन ग्यासबाट हाइड्रोजन छुट्टाएर अमोनिया ग्याँस निकालेर मल कारखानामा पनि प्रयोग गर्न सकिने उनीहरूको भनाइले नेपाल जस्तो मुलुकका लागि निकै उपयोगी छ। जुन मुलुकभित्रै उपभोग गर्न सकिन्छ, बढी भएको निर्यात गर्न उत्तिकै सम्भव छ।

दैलेखका विभिन्न स्थानहरुमा आगोको ज्वाला बल्दै गरेको देखिन्छ। स्थानीयले दैवी शक्ति भन्दै पूजा गर्दै आएका छन्। जमिन मुनि प्रज्ज्वलनशील ग्यास भएको र त्यही बाहिर निस्किएर आगो बलेको विज्ञहरुको भनाइ अहिले पुष्टि भएको छ।२०७२ सालमा भारतीय नाकाबन्दीका कारण ग्यास र इन्धन आपूर्तिमा संकट भएपछि तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले नेपालमा पेट्रोलियम पदार्थ र ग्यासको अध्ययन गर्न चीनलाई निम्तो दिएको थियो। ओली प्रधानमन्त्री भएकै बेला अध्ययन प्रतिवेदन तयार भएको छ। नेतृत्वको इच्छाशक्ति हुने हो भने मुलुकमा उत्साह जगाउने काम सम्भव छ। अब चिनियाँ प्राविधिक टोलीले विस्तृत प्रतिवेदन दिएपछि ग्यास उत्पादन प्रक्रिया सुरु गर्नुपर्छ। परीक्षण उत्पादन लगत्तै व्यवसायिक गर्ने गरी काम अघि बढाउन ढिलाइ गर्न हुन्न।

# नेपालको बजेट : विश्लेषणात्मक टिप्पणी



अच्युतप्रसाद पौडेल

जसले सरकारी नीति नियमको कार्यान्वयन गर्छ, आदेशको पालना गर्छ, स्थायी सरकार भनिने त्यो निजामती सेवामा पनि विभाजित दलहरुअनुसारका भ्रातृ संगठनहरु हुनु देशको दुर्भाग्य हो। यसैका कारण अहिलेसम्म संघीय निजामती सेवा ऐन सरकारले ल्याउन सकेको छैन। हेर्दा लाग्छ, बजेटले देशको कायापलट गर्छ तर अहँ! कतिपल्ट आयो बजेट, निराशाबाहेक के देखिन्छ ? केवल आफन्त पोस्नेबाहेक, आम जनता त करको मारमा पर्ने हुन्।




यसपालिको प्रदेश बजेट पनि आइसकेको छ। सबै प्रदेशका थरीथरीका बजेट आए। कतै अल्लो झोला, कतै ब्रिफकेसका। कसैले विशेष सम्झौता गरेर बजेट दिउँसै ल्याए, कसैले राति। देशैभरि बजेट आउन थालेको धेरै समय भइसकेको छ, प्रदेशहरु पनि केन्द्रमुखी नै छन् बजेट ल्याउन। सबैले राजपत्र प्रकाशित गर्ने सुविधा पाएका छन्। अब पालिकाहरु बजेट बनाउन तल्लीन छन्, केन्द्र र प्रदेशकै बजेट मिलाएर तिनले पनि ल्याउँदै छन्, ल्याएका छन्। देश कति सानो छ, देशवासी कति थोरै छन् र बजेटको संख्या र आकार कति धेरै छ। विश्लेषण गर्ने फुर्सद विश्लेषकहरुलाई मात्र छ, ल्याउनेहरुलाई छैन। यसो भनौँ, बजेट ल्याउँछौँ, मिलिजुली खान्छौँ।

कानुनले तोकेको समय यसपटक कर्मचारीको तलब बढेन मात्रै होइन, ज्येष्ठ नागरिकहरुको वृद्ध भत्ता मुखैमा आइसकेपछि खोसियो। एक छिमेकीले खाइरहने, अर्को छिमेकीले हेरिरहने, समाज निर्माण गर्ने अभियानमा लागेका दलहरुले समतामूलक समाजको स्वैर कल्पना गरेका छन्, संविधानको बनोट त्यस्तै छ समाजवाद उन्मुख अर्थतन्त्रको। देश दल नियन्त्रित छ, संसद् त छँदै छ मात्रै होइन, शिक्षालय, विद्यालय, औषधालय पनि दल नियन्त्रित नै छन्। जेठ १५ गते बजेट ल्याउन दिए, प्रतिपक्षीहरुले। तिनलाई भागशान्ति मिलाउनु थियो, पछि फेरि खोचे थापी उभिएर विरोध जनाउँदा थाकेर, पलेटी कसेर विरोध गरिरहे।

एकथरीलाई सापोनापो मिलाउने सम्झौता भयो, बाटो खोलिदियो, अर्को थरीले मानेन, पेलपाल भयो। लोकतन्त्र भीडतन्त्र होइन, सानै आवाज भए पनि सबैको सुन्नुपर्छ भन्ने राजनीतिशास्त्र पढ्दा जानिएको विषय थियो। अब पढाइ-लेखाइको काम छैन, बरु मुढेबलको काम छ र आम मानिस टिकटक र सामाजिक सञ्जालमा व्यस्त छन्, पठन संस्कृति हराइसकेको छ,। यस्तो सामाजिक वातावरण बनाइदिने हाम्रा दलहरु नै हुन्, ती राम्रा भएका छन्, मुढेबलबाटै आएका हुन् ती, सत्ता कब्जा गरिरहेका छन्।

भर्खरैको सम्झना छ, श्री ३ बाट हुकुमबक्स भएको- आन्दोलनकारीहरुलाई पाखा लाइदिनू, विरोध गरे सिफल, कुलेश्वर वा कोटेश्वर दिनू, नभए चक्रपथबाहिरै राख्नू। बस् यति निकृष्ट शैली टुँडिखेल दिएर जनभावना बुझ खोज्ने पञ्चायतले पनि गरेको थिएन, राणाहरुमा पद्म शमशेरहरु पनि थिए, इतिहासमा। हिटलर र मुसोलिनीहरु तानाशाह हुन्, यस्तै-यस्तै पढेर आएका थियौँ हामीले। बजेट बिरामी छ, बेरुजुमा परेको छ, व्यापक ऋणमा परेको छ, व्यापक घाटामा छ। यसले रोजगारी सिर्जना गरेको छैन, चालू पूँजीलाई अन्धाधुन्ध खर्च गरेको छ।

पूँजीगत खर्च असारे छ, डोजरे छ, तुरुन्तै पग्लने र गल्ने खालको र माटो छोप्ने, पिच देखाउने खालको छ। जेठ मसान्तसम्म विकासका नाममा गरिने पूँजीगत खर्च एक चौथाइ मात्रै नाघेको छ तर चालू पूँजी सिद्धिइसकेको छ, दोहन गरी राजनीतिक खेलाडीहरुलाई बाँडिएको छ। ठेकेदार बा विचौलिया लिएर जाँदा वडाबाट केही काम त्यो पनि मुस्किलले मात्रै लिन सकिने अवस्था छ, स्वतन्त्र भएर गए वडाअध्यक्षले मुन्टो बटारेर बढी ठेकेदारतिरै डिस्कस गरेको पंक्तिकारले धेरैपल्ट भोगेको छ। र, धेरै रस्साकस्सी गर्दा उहाँहरुबाट काम लिएर आउनुस् न, बस् यही हो जवाफ, ओठ चलेपछि कुरो बुझेर भैगो त भनी फर्केको आफैँ हो।

यसपालिको बजेटलाई पंक्तिकारले घोत्लिएर हेरिह्यो, हेरिरह्यो। पायो के भने, २ वर्षभित्रै चामलमा आत्मनिर्भर हुने, लाग्यो ५२ सालतिरको चुनावी घोषाणपत्रजस्तो, जति बेला देशमा रासायनिक मल कारखाना खोल्ने भनिएको थियो। साढे तीन दशकमा कहाँ कतिवटा मल कारखाना खुले ? त्यसको विवरण छैन हामीसँग, बरु धेरै राजनीतिक संस्थाहरु खुले, असंख्य प्रदेश र पालिकाहरु खुले। बाँदर लड्ने भीरपाखालाई नगरपालिका बनाएर कर असुली गरियो र असंख्य राजनीतिक रोजगारी सिर्जना गरियो, तलब भत्ता र सक्नेले अरुसमेत पाउने गरे। पञ्चायतमा यस्तो थिएन।

पालिकाहरुले तलव भत्ता पाउँदैनथे र पानीको महसुल रु. ५ प्रतिमहिनामा, त्यो पनि ३ तलामाथि चढ्ने गरी आउँथ्यो। जग्गाको अभिलेखका लागि मात्र प्रतिकित्ता रु. १ पीडीएलटी कर भनेर बुझाउनुपर्थ्यो। अहिले जग्गा ओल्टाइपल्टाइ गरेर कति बिचौलिया धनी भएका छन्, स्पष्टै छ। सार्वजनिक जग्गा अब बाँकी छैन। बालमन्दिर, बाँसबारी, गिरिबन्धु, ललिता, पतञ्जलि, सेरा, गोकर्णहरु त अलि ठूला भए, साना कति छन्, यिनलाई चलाए बालुवाटार, सिंहदरबार र शीतल निवाससम्म भूकम्प जान्छ।

बजेटको अर्को विशेषता स्नातक उत्तीर्ण गरेकाहरु स्वयंसेवी शिक्षक हुन सक्छन्। शिक्षालयहरुसँग पंक्तिकारले सोध्दा भन्छन्, ब्याचलर पढ्ने विद्यार्थी शिला खोज्नुपर्छ, छैनन्। सबको चाहना जसोतसो प्लस टु गर्ने खाडीमा भेटूँला भन्ने हो। लोकतन्त्रको अभिशाप नै भएको छ युवा जनशक्ति। यसले कत्ति पनि यहाँ बाँकी नराख्ने र त अस्ति १० महिनाका बीच १३ खर्ब बढी विप्रेषेण आएको रहेछ, राष्ट्र बैंककै शब्दमा।

राष्ट्र बैंकको ढुकुटी बढ्दा दलकै कोटामै गएका गभर्नर जुँगा मुसार्दै छन्, तरलता बढेर बैंकहरुबाट पैसा तान्दै छन्। बजार चलायमान भएको र उद्यमशीलताको विकास भएको भए, लगानीको वातावरण तय भई प्रशस्त रोजगारी सिर्जना गर्न सकेको भए यसो गर्नुपर्ने थिएन। लोकतन्त्र लोभतन्त्रमा परिणत हुँदा असल अर्थविद्हरुलाई देशले पाउनै सकेन, अर्थ नीति, वित्त नीति, मौद्रिक नीति सञ्चालन गर्ने खालको। अध्ययन गर्दा नै भेटिएका शब्दहरु हुन्, अविकसित देशहरुमा वनमारा, तरमारादेखि ज्यानमारासम्म भेटिन्छन् समाजमा। हाम्रो इतिहासमा कोतपर्वदेखि अहिलेसम्म कतिको बीभत्स हत्या भयो, राजनीति कसरी सञ्चालित भइरह्यो ? खोजबिन गर्ने समय छैन हामीसँग।

बजेटका अरु पनि परिकल्पना छन् काम खोज्दै-पढ्दै, रोजगारी खोज्नेभन्दा रोजगारी दिने युवा जमात तयार गर्ने पनि भनिएको छ, शिक्षक बैंकको स्थापना, ३ प्रतिशत ब्याजमा स्टार्टअप कर्जा, महिला उद्यमी दर्ता प्रोत्साहन, अरु धेरै तर सरकारले उद्यमको वातावरण, लगानीको वातावरण र तिनको संरक्षण नगरेसम्म यी परिकल्पना सत्य साबित हुन्नन्। काग करायो पिना सुक्यो, हाम्रा पुर्खाले भनेका। आठ सालमा पहिलोपल्ट बजेट आउँदा करोडको आकार अहिले भने खर्बौंखर्बको आकार, विकास र चालू पूँजीको दोहोरो मापदण्ड १३ सालदेखिकै हो तर यति बेलासम्मका बजेटहरु आए, तिनले देखाए, ऋणको भार र युवा निर्यात, वस्तु आयात, बेरुजु वृद्धि, आफन्तलाई पोसिलो अरुलाई पेचिलो बजेट।

घाट नपुगुन्जेल स्रोत दोहन गरी नै रहने र मरणोपरान्त संस्था पोसिने बजेट हो लोकतन्त्रको मूल ध्येय। मानौँ, दलको पेवा हो देश, उनीहरुको मोहियानी हक हो देश, बाँड्ने, ढाँट्ने, चुट्ने, कुट्ने, बल्छी थापेर माछा मार्ने माझीझैँ भए हाम्रा जनप्रतिनिधिहरु। यसैलाई जनताको सार्वभौमिकताको व्याख्या गरियो, हब्स, लक र पछिका माओ, लेनिन, मार्क्सहरुको नाम बेचियो। दास क्यापिटल पुस्तक कसैले पढेन, न महाथिर, गान्धी, सि जिन पिङ, ओबामा, ली क्वानहरुलाई नै पढियो।

सुर्तीजन्य पदार्थले स्वास्थ्यमा कति हानि गरेको छ, वार्षिक मृत्यदर कति छ र विश्व स्वास्थ्य संगठनले कति प्रतिशतसम्म कर लगाउनु भनेको छ ? त्यो मानिएन, सुर्तीकर बढ्यो भन्यो बजेटले, हेर्दा नाम मात्रको रहेछ।

बजेटभन्दा अगाडि नै हुन्छन् व्यापारीहरु, पहिले सवारीसाधनहरु भन्सार नाकाबाट भित्र्याउने अनि भोलिपल्ट सवारी कर वृद्धि हुने हाम्रो बजेटको परम्परागत मान्यता हो। लोकतन्त्रले व्यापारीहरुलाई असल र जिम्मेवार साथी बनाएको छ र उद्यमी पनि अब व्यापारी बनेका छन्। राजनीतिक कर्ममा अग्रसर छन्, कोटामै परेका छन् दलहरुका। वर्षाको पानीमा ओत लागेझैँ ओत लागेका छन्। एनसेल, विद्युत् बक्यौता सबै बाहिर आएकै हो नि!

धारामा पानी आउँदैन, बिल मात्रै आउँछ, आउँदा लेदो आउँछ। यसमा मात्रै होइन, सबै बजारमा उपभोक्ता ठगिएका छन्। विषादी त भन्नै परेन। यसपालिको बजेटले उपभोक्ता अदालत सबै प्रदेशमा स्थापना गर्ने भनिएछ। स्थानीय एक मित्रले भने- भर्खरै पानीको महसुल बिल ५८ हजारको आयो। उद्योग, कलकारखाना छैन उनको, घरेलु प्रयोग न हो। उनले भने- मिटर झिकेर ३ हात पर फालेको छु, अब हेर्छु अर्को महिनाको बिल के-कस्तो आउने हो। खानेपानीमा गएर बुझ्दा यो सफ्टवेयरले देखाएको हो, निवेदन दिएमा जरिबाना भने केही छुट हुन सक्छ भनियो रे! अर्का मित्रले अलिक अघि भनेका थिए- खानेपानीको बिल २५ हजारको आएछ हजुर, बस् उपभोक्ता कसेर पैसा उठाऊ सरकारी सेवाप्रदायकहरुको चालाबाला।

यसपालिको बजेटले सेवा प्रदायकहरुको अनुगमन गर्ने, छिटो कार्य सम्पन्न गने-गराउने भनिएको रहेछ, यसबारे त ७ दिनमै कामको फछ्र्यौट गर्ने गरी अध्यादेश नै आएको हो, सेवा प्रदायकहरुतिर हेऱ्यो, आफ्नै अनुहार पो देखिन्छ, आफैँले बोकेको झोला तिनले पनि बोकेका देखिन्छन्। विकसित देशहरुमा सरकारी निकायमा युनियन बा भ्रातृ संगठनहरु राख्दैनन्, मजदुरहरुलाई थिचोमिचो नहोस्, श्रमअनुसारको माम पाइयोस् भनेर पेसागत हकहितका लागि मात्रै युनियनहरु खोलिएका हुन्छन्, जसले सरकारी नीति नियमको कार्यान्वयन गर्छ, आदेशको पालना गर्छ, स्थायी सरकार भनिने त्यो निजामती सेवामा पनि विभाजित दलहरुअनुसारका भ्रातृ संगठनहरु हुनु देशको दुर्भाग्य हो। यसैका कारण अहिलेसम्म संघीय निजामती सेवा ऐन सरकारले ल्याउन सकेको छैन। हेर्दा लाग्छ, बजेटले देशको कायापलट गर्छ तर अहँ! कतिपल्ट आयो बजेट, निराशाबाहेक के देखिन्छ ? केवल आफन्त पोस्नेबाहेक, आम जनता त करको मारमा पर्ने हुन्। यहाँ टिक्न-बस्न नसकेर महँगो पासपोर्ट किनी झिटीगुन्टा कसेर खाडीतिर धकेलिने नै त हुन्।

समाचारपत्रबाट

# किन हुन्छ पाइल्स, उपचार के ?



डा. प्रकाश चौधरी

मलद्वारमा हुने विभिन्न प्रकारका रोगमध्ये पाइल्स पनि एक हो, जसलाई चिकित्सकीय भाषामा 'हेमोरोइड्स' भनिन्छ।

मुख्यतः यो भित्री (बाहिरबाट नदेखिने) र बाहिरी (बाहिरबाट देखिने) गरी दुई प्रकारका हुन्छन्।

मलद्वारको भित्री भागमा हुनेलाई भित्री र मलद्वारको छाला वरिपरि देखिनेलाई बाह्य पाइल्स भनिन्छ।

दिसा गर्दा धेरैबेर लगाउने, कन्ने तथा कब्जियतको समस्या भएका बिरामीलाई पाइल्स हुने सम्भावना बढी हुन्छ।

**लक्षण**

मलद्वारमा मासु पलाएको अनुभव हुने, कहिलेकाहीँ मासुको गाँठो बाहिर आउने, डल्लाडुल्ली महसुस हुने, दिसा गर्दा ताजा रगत आउने हुन्छ भने पाइल्सको शंका गरी जचाउनुपर्छ।

**पाइल्सलाई चार तहमा बाँड्न सकिन्छ :**

**पहिलो तह–**

मासुको गाँठो बाहिर नदेखिने हुन्छ, जो दिसा गर्दा दुख्छ।

**दोस्रो तह–**

दिसा गर्दा बल गर्ने क्रममा मासुको गाँठो बाहिर निस्कन्छ। हल्का रगत पनि आउन सक्छ। यस्ता बिरामीलाई औषधि दिएर हेर्न सकिन्छ र केही समयपछि फलो अपमा बोलाउन सकिन्छ।

**तेस्रो र चौथो तह–**

यस तहका बिरामीमा पाइल्स फुट्ने, बढी रगत आउने र असह्य पीडा हुने हुन्छ।

धेरै रक्तश्राव हुने, हिँड्डुल गर्न अप्ठेरो हुने र संक्रमण हुने जोखिम हुन्छ। धेरै रक्तश्राव भएको छ, शरीरमा हेमोग्लोबिनको कमी देखिएको छ भने त्यस्तो अवस्थामा शल्यक्रिया आवश्यक हुन्छ।

बिरामीको समस्या र लक्षणका आधारमा कुन तहको पायल्स हो भनी छुट्ट्याइन्छ र औषधि दिने कि शल्यक्रिया गर्ने भन्ने तय गरिन्छ।

**दोहोरिने जोखिम**

मलद्वारमा जन्मजात स-साना रक्तनली हुन्छन्। तर तिनमा दबाब पर्दै गयो भने सुन्निदै जान्छ र डल्लो बन्दै जान्छ।

त्यो डल्लोलाई पनि दबाब पऱ्यो भने फुटेर रगत आउँछ। यस्तो अवस्थामा अपरेसन गरेपछि निको हुन्छ। तर जीवनशैली, खानपान उस्तै भयो भने केही वर्षपछि पुनः दोहोरिने जोखिम हुन्छ।

पाइल्सलाई दुई किसिमले शल्यक्रिया गर्न सकिन्छ– परम्परागत तरिकाबाट चिरफार गरेर र अत्याधुनिक लेजर प्रविधि प्रयोग गरेर।

काठमाडौँस्थित नर्भिक अस्पतालमा पनि लेजर प्रविधिबाट पाइल्सको शल्यक्रिया सुरु गरिसकिएको छ। लेजर प्रविधिअनुसार चिरफार नगरीकन शल्यक्रिया गरिन्छ। यसो गर्दा बिरामी अस्पताल बस्नुपर्दैन। शल्यक्रिया गरेकै दिन घर जान पनि सकिन्छ।

परम्परागत तरिकाबाट चिरफार गरेर शल्यक्रिया गर्दा एक त बिरामीलाई पीडा हुन्छ र अस्पताल पनि धेरै दिन बस्नुपर्ने हुन्छ।

अर्कोतिर मलद्वारमा अपरेसन गर्नुपर्ने भएकाले बिरामीलाई पनि असजिलो हुन्छ। अस्पताल बस्नुपर्दा खर्च पनि बढ्छ।

लेजर प्रविधिबाट गर्दा अस्पताल बस्नुपर्दैन। 'एडभान्स्ड प्रोक्टोलोजी सर्जरी' विधिबाट पाइल्स, फिस्टुला, फिसर तथा ढाडको पुच्छरमा बारम्बार आउने घाउको समस्याको शल्यक्रिया गरिन्छ।

**सावधानी**

पाइल्स जीवनशैलीका कारण उत्पन्न हुने रोग हो। त्यसैले खानपान तथा जीवनशैली सन्तुलित गर्ने, पानी धेरै पिउने, सागपात तथा फाइबर भएको खानेकुरा बढी खाने, हरिया तरकारी तथा बोक्रा भएको खानेकुरा खाने गर्नुपर्छ। खानेकुरा सबै खान सकिन्छ तर सन्तुलित बनाउनुपर्छ। चिल्लो, मैदाजन्य खाना र मासु कम खानुपर्छ। यस्ता खाना कम खाँदा पनि फाइबरयुक्त खानेकुरा जोड्नुपर्छ।



**व्यावसायिक रूपमा पालिएको टर्की:**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित अखबरेमा स्थानीय कृषकले व्यावसायिक रूपमा पालेको टर्की । टर्कीको मासु दाङमा प्रतिकिलो रु एक हजारमा बिक्री गरिन्छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# इट्टाको विकल्पमा आइएमइ ग्रुपले खोल्यो फाइबर सिमेन्ट बोड



बुटवल । इट्टाको विकल्पमा आइएमई ग्रुपले फाइबर सिमेन्ट बोर्ड उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याएको छ । रौतहटमा डेढ अर्ब लागतमा सिमेन्ट बोर्ड सञ्चालनमा ल्याएको हो ।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सिमेन्ट बोर्डको बुधबार उद्घाटन गरेका हुन् । मन्त्री भण्डारीले सम्बोधन गर्दै निराशाका बीच आईएमई ग्रुपले आशा जगाएको बताए । उनले विदेशी वस्तु आयातमा कडाइ गर्दै नेपाली वस्तु विदेशमा निर्यात गर्नमा ध्यान दिने बताए ।

कार्यक्रममा सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले भारतबाट आउने गरेको सिमेन्ट बोर्ड नेपालमा उत्पादित उद्योगले विस्थापित गर्ने जनाए । घर निर्माणमा लागत घटाउन सहयोग पुग्ने बताउँदै उनले गुणस्तरमा ध्यान दिन आग्रह गरे । इट्टाको विकल्पमा सिमेन्ट बोर्ड प्रयोग हुने सचिव सिग्देलको भनाइ छ ।

आईएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालले नेपाली बजारमा आयात हुने बोर्डलाई प्रतिस्थापन गर्दै विदेश निर्यात गर्ने उद्देश्य रहेको बताए । ढकालले आन्तरिक उत्पादन बढाउने गरी नयाँ उद्योग सञ्चालनमा ल्याएको उल्लेख गरे ।

उद्योगले ४ देखि ३० एमएमसम्मका सिमेन्ट बोर्ड उत्पादन गर्छ भने २ सय जनालाई रोजगारी प्रदान गरेको छ । आइएमई ग्रुपअन्तर्गत करिब डेढ अर्ब रुपैयाँको लगानीमा स्थापना गरिएको यो उद्योग रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका-६ मा अवस्थित छ ।

ग्रुपका अनुसार यो उद्योगमा कच्चा पदार्थ मिसावटदेखि बोर्ड कटिङ, प्रेसिङ र ड्राइङसम्मका सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा अटोमेटेड प्रविधिमा आधारित छन् । उद्योगले दैनिक ७५ हजार स्क्वायर फिट सिमेण्ट फाइवर बोर्ड उत्पादन गर्न सक्ने क्षमता राख्छ । यहाँ उत्पादित बोर्डहरू ४ फिट लम्बाइ, ८ फिट चौडाइ, र ४ एमएमदेखि ३० एमएम मोटाइमा उपलब्ध छन् । यी बोर्डहरू लचकदार, अग्नि-प्रतिरोधी, घाम-पानीले असर नपर्ने, वातावरणमैत्री तथा अत्यन्तै टिकाउ छन् ।

फाइबर सिमेन्ट बोर्डको प्रयोग भवनको बाहिरी भाग, पाटीशन, फल्स सिलिङ, मोडुलर किचन, इको प्यानल लगायत विभिन्न संरचनामा गरिन्छ । यहाँसम्म कि इँटा र प्लास्टरको विकल्पमा पूर्ण संरचना निर्माण समेत गर्न सकिन्छ, जुन १०-१५ दिनमै तयार पार्न सकिने भएकाले यसको माग नेपालमा मात्र होइन, अन्तर्राष्ट्रिय बजारमा समेत तीव्र रूपमा बढ्दो छ ।

प्राकृतिक प्रकोप जस्तै, भूकम्प, बाढी वा पहिरोका बेला आपत्कालीन संरचना निर्माणमा समेत यस उद्योगका उत्पादित बोर्डहरू छिटो, सस्तो र दिगो विकल्प बन्ने छन् । प्लास्टर वा रङ्गको झन्झट नहुने भएकाले समय र लागतमा उल्लेखनीय बचत हुनेछ ।

यस उद्योगले स्थानीय रोजगार प्रवर्द्धनमा जोड दिएको छ। हाल करिब २०० जनाले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका छन्, जसमा ९८ प्रतिशतभन्दा बढी स्थानीय जनशक्ति र ४० प्रतिशतभन्दा बढी महिला कामदार छन् । उनीहरूले प्रोसेससङदेखि प्याकिङसम्मका सबै काममा संलग्न छन् ।

एभरेष्ट फाइबर सिमेन्ट बोर्ड प्रा.लि ले वातावरणमैत्री, गुणस्तरीय र प्रतिस्पर्धी उत्पादनमार्फत् निर्माण क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने लक्ष्य लिएको छ ।

# दाङका भूमिहीन सुकुम्बासी परिवारलाई लालपुर्जा वितरण



दाङ । दाङमा भूमिहीन सुकुम्बासीलाई झण्डै १३ कठ्ठा जग्गाको लालपुर्जा वितरण गरिएको छ । भूमिसम्बन्धी समस्या समाधान आयोगले जिल्लामा पहिलो पटक जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको हो ।

लमही नगरपालिका-३ कान्छी गाउँका २३ घरधुरीलाई आठ धुरदेखि एक कठ्ठासम्मको बसोबासका लागि जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो । भूमिसम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजाल, जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्मा, लमही नगरपालिकाका नगरप्रमुख जोगराज चौधरी, आयोगका जिल्ला अध्यक्ष हुकुमबहादुर बस्नेत र उपप्रमुख लक्ष्मी योगीले भूमिहीन सुकुम्बासीलाई संयुक्त रूपमा लालपुर्जा हस्तान्तरण गरेका हुन् ।

भूमि समस्या समाधान आयोग जिल्ला समितिको २०८२ साल जेठ ११ गतेको बैठकले भूमिहीन सुकुम्बासीलाई लालपुर्जा उपलब्ध गराउने निर्णय गरेको थियो । सोही निर्णयको आधारमा बुधबार आयोजित एक कार्यक्रममा २३ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो ।

एक धुर जग्गासमेत नाममा दर्ता नभएका परिवारले पहिलो पटक जग्गाधनी प्रमाणपुर्जा पाएपछि उनीहरू निकै हर्षित भएका छन् । तीन पुस्तादेखि लालपुर्जाविहीन जीवन बिताउँदै आएका परिवारलाई पहिचान गरी जग्गा दर्ता गराइएको हो ।

अध्यक्ष रिजालले तोकिएको समयसीमाभित्र भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिने प्रतिबद्धता जनाए । "पहिला वन कि मान्छे ? जङ्गललाई जङ्गलको रूपमा राख्ने र बस्तीलाई बस्तीको रूपमा विकास गर्न चाहन्छौँ", उनले भने-"ऐन, नियम, कानुनभन्दा बाहिर गएर आयोगले काम गर्दैन । संविधानले प्रदत्त गरेको सम्पत्ति र आवासको अधिकार कार्यान्वयन गर्न हामी प्रतिवद्ध छौँ । यसको प्रत्याभूति दिलाउने जिम्मेवारी सरकारको हो ।"

जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्मा, नगर प्रमुख जोगराज चौधरी, आयोगका जिल्ला अध्यक्ष हुकुमबहादुर बस्नेत, उपप्रमुख लक्ष्मी योगी, निवर्तमान नगर प्रमुख कुलबहादुर केसी, नापी कार्यालय दाङका प्रमुख पुरण चौधरी, आयोगका विज्ञ सदस्य यज्ञराज आचार्य, संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमकी नेपाल प्रमुख प्रज्ञा प्रधानलगायतले भूमिहीन सुकुम्बासीलाई भूमिको स्वामित्व हस्तान्तरण गर्ने अभियानले सार्थकता पाउन थालेकामा खुसी व्यक्त गरेका थिए ।

लमही नगरपालिकाको आयोजनामा, जिल्ला भूमि समस्या समाधान आयोग, संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम र सामाजिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

## मुलुककै...

यो सरकारको हदैसम्मको लाचारी र निकम्मा हो,' कार्कीले भने-'अरु देशमा भएको भए ६ घण्टामै विकल्प तयार हुन्थ्यो तर हाम्रोमा लाजमर्दो अवस्था छ ।'

असार ५ गते राति साढे ११ बजेतिर काठमाडौंबाट नेपालगञ्ज जाँदै गरेको भे १ ख ४०८५ नम्बरको यात्रुवाहक बस पूर्वी नवलपरासीको दुम्किबासस्थित विनयी खोलाको बाढीमा फस्यो । डाइभर्सन बाढीले बगाएसँगै बाढीको भेलमा फसेको बसबाट राती साढे ११ बजेदेखि २ बजेसम्मको प्रयासमा २४ जना यात्रुको सकुशल उद्धार भयो । दुईजना यात्रु पहिले नै आफैँ बसबाट ओर्लिएर सुरक्षित भएका थिए । यो घटनाले सरकारको चर्को आलोचना भएपछि प्रहरीले उक्त सडकखण्डमा यात्रा नगर्न बिहीबार बिहानै सूचना जारी गरेको थियो । सोही सूचनाका कारण एक हप्ता बढीदेखि दुम्किबास- दाउन्ने खण्डमा यात्रु र सवारी चालकले सास्ती खेपेका छन् ।

२०८१ पुस २६ गते दिउँसो भारतीय नम्बर प्लेटको हेभी ट्रक (लरी) का कारण बुटवल-नारायणगढ खण्डको दुम्कीबासस्थित विनयी खोला पुल भाँचिएपछि पुलभन्दा उत्तरबाट डाइभर्सन बनाएर यातायात सुचारु गरिएको थियो । तर केही हप्तामै भारी वर्षा हुँदा डाइभर्सन बगाएर पूर्व-पश्चिम राजमार्गको यातायात र ढुवानी सेवा अवरुद्ध भएको थियो । त्यति बेलै राज्यले यसलाई गम्भीररुपमा लिएन । फलस्वरुप अहिले वर्षायाममा डाइभर्सन बगाउने नियति दोहोरिंदा मुलुकको पुर्व पश्चिम जोड्ने लाइफल(ाइन हाइवे बारम्बार अवरुद्ध हुन पुगेको छ ।

बुटवल-नारायणगढ सडक विस्तार आयोजना पूर्व खण्डका सूचना अधिकारी चुडा ढकालले विनयी खोलामा निर्माणाधीन पुलको काम तीव्र गतिमा भइरहेकाले छिट्टै सञ्चालनमा आउने बताए । नवलपुर प्रहरी प्रवक्ता डीएसपी मधु नेपालले असार भित्र पुल सञ्चालनमा आउने जनाए । पुल सञ्चालनमा नआउँदासम्मका लागि डाइभर्सनको वैकल्पिक मार्ग प्रयोगमा ल्याइएकोमा स्थानीयले मालवाहक ट्रक चल्न अवरोध गरेकाले समस्या आएको उनले बताए । 'वैकल्पिक मार्गबाट मालवाहक सवारी साधन पनि सञ्चालन गर्न स्थानीय लाई सहमत गराउने काम प्रहरीको भन्दा पनि स्थानीय पालिका, जिल्ला प्रशासन कार्यालयको हो,' नेपालले भने-'ट्रकहरु धेरै दिन सडकमा रोकिने अवस्था अन्त्य गर्न सम्बन्धित निकायको ध्यान जानुपर्छ,गएको होला ।'

**तीनपटक म्याद थप्दा पनि पूरा भएन काम**

पूर्व पश्चिम राजमार्गअन्तर्गत नारायणगढ-बुटवल सडकखण्ड विस्तारका काम समयमा नै नसकिँदा सर्वसाधारणले चार वर्षदेखि झेल्दै आएका छन् । ११३ किलोमिटर लामो नारायणगढ-बुटवल सडकखण्डलाई दुई भागमा विभाजन गरी सडक विस्तारको काम थालिएको थियो । नारायणगढदेखि दाउन्नेसम्म पूर्वी खण्ड (६५ किलोमिटर) र दाउन्नेदेखि बुटवलसम्म पश्चिम खण्ड (४९ किलोमिटर) मा बाँडेर गरिएको विस्तार भइरहेको छ ।

१६ अर्ब ९९ करोड रुपैयाँमा चाइना स्टेट कन्स्ट्रक्सन प्रालिले दुवै खण्डसडक विस्तार गर्ने गरी ठेक्का पाएको थियो । आयोजनाको पश्चिम खण्डमा ६७ प्रतिशत र पूर्वी खण्डमा ६८ प्रतिशत भौतिक प्रगति भएको छ ।

पश्चिम खण्डमा दाउन्नेको १० किलोमिटरमध्ये ३ किलोमिटर कालोपत्र भइसकेको र बाँकी असार मसान्तसम्म सक्ने गरी काम भइरहेको आयोजना प्रमुख शंशाक मिश्रले जानकारी दिए । तर मिश्रले दाबी गरे अनुसार काम हुने अवस्था देखिन्न । दाउन्ने पूर्वको ४ किलोमिटरमा पनि ढला(नको काम भइरहेको तर वर्षाले काममा ढिलाई भएको आयोजनाको पूर्व खण्डका सूचना अधिकारी शिव खनालले बताए ।

बर्खा अगाडि नै पूर्वी खण्डको यात्रा सहज बनाउने गरी काम भैरहेको खनालले बताए ।

सडकको हाल रहेको दुई लेनलाई बढाएर चार लेन र बजार क्षेत्रमा छ लेन बनाउने गरी सडक विस्तार तथा स्तरोन्नति गरिएको हो । २०७५ चैत ८ मा सुरु भएको सडक विस्तारका काम २०७९ साउन २२ भित्र सकिनुपर्नेमा कोभिड महामारी, रुख कटान, विद्युत् पोल सार्न ढिलाइ, खानेपानीको पाइपलाइन, स्था(नीय अवरोध, मजदुरका समस्या, ठेकेदार कम्पनीको कारणले निर्माण पूरा हुनसकेको छैन । २०८० साउन ११ सम्म पहिलो पटक, २०८१ साउन ८ गतेसम्म दोस्रोपटक र २०८२ साउन ८ सम्मका लागि तेस्रोपटक म्याद थप गरिएको छ । तेस्रो पटक थपिएको अवधिमा पनि सडक विस्तार पूरा हुन नसक्ने निश्चित छ ।


## जनता माध्यमिक विद्यालय भुजहवा

**सरावल गाउँपालि(ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल**

**शिक्षक आवश्यकता**

मिति २०८२/०३/१२
दोस्रो पटक विज्ञापन

प्रस्तुत विषयमा सरावल गाँउपालिकाको मिति २०८२/०१/०८ गतेको प.सं.२०८१/०८२ च.नं. २३६७ मा.वि. गणित विषय तथा पुनः दोस्रो पटक विद्यालय व्यवस्थापन समितिको मिति २०६२/०२/२१ गतेको निर्णयानुसार यस विद्यालयमा तपसिल बमोजिमको तह र पदमा शिक्षक पदपूर्तिको लागि योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नं.**:- ०४ २०६१/०६२ **पद श्रेणी / विषयः** शिक्षक मा.वि. तृतिय / गणित
**न्यूनतम शैक्षिक योग्यताः** सम्बन्धित विषयमा स्नातक
**नियुक्तिको किसिम** : मा. वि. दरबन्दी सट्टा शिक्षक मिति २०८२ चैत मसान्त सम्म
**दरखास्त दस्तुर** : २०००।- **परीक्षाको किसिमः**- लिखित र अन्तर्वार्ता
**उमेरको हद** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको **तलब स्केलः**- नियमानुसार
**दरखास्त दिने अन्तिम मिति** :- २०८२/०३/२२ गते आईतवार दिउसो १२ बजे सम्म
**सम्पर्क मितिः**- २०८२/०३/२३ गते सोमवार **परीक्षा मिति** :- सम्पर्क मितिको दिन तोकिने छ
**आवश्यक कागजातः** क) हस्तलिखित निवेदन ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि घ) अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि
**दरखास्त दस्तुर यस विद्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको तपसिलको खातामा जम्मा गरी बैंक भौचर पेश गर्नुहुन अनुरोध छ ।**

**खातावालाको नाम** : जनता माध्यमिक विद्यालय भुजहवा
**खाता नं.**:- ३१००१००००१४४३००१ **शाखाः**- परासी



## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चोरमारा, नवलपरासी(ब.सु.पु.)**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति** : २०८२/०३/१२

यस कार्यालयबाट मिति २०८२/०२/२५ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका खरिद कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचना द्धारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर बाहेक ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 7/NCB/MB/GOODS/2081/82, Procurement Of Rice Planter | Muktinath Krishi Company, Kathmandu-03,Basundhara | 1747777.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**गृह मन्त्रालय**
## जिल्ला प्रशासन कार्यालय
**(प्रशासन शाखा), रूपन्देही**

**प्रमाणित सम्बन्धमा ।**

**मितिः २०८२/०३/१०, ने.सं.:- ११४५**

**श्री जो जससँग सम्बन्ध छ।**

जिल्ला रुपन्देही बुटवल उप महानगरपालिका वडा नं. ०७ बस्ने भारतीय सरकारको भु.पु.सैनिक नं. ५२३२२८९ पि.पि.ओ.नं.५ / ३७३६३/६९ टि एस नं.५६६८० हवल्दार पेन्सनर स्व. हरि प्रसाद गुरुङ्गको छोरी नर्मदा गुरुङ्गको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर नर्मदा गुरुङ्ग तथा पेन्सन अभिलेखमा नामथर नर्वदा देवी उल्लेख भएकोले ति फरक फरक नामथर भएको व्यक्ती अलग अलग नभइ एउटै भएको व्यहोरा सिफारिस गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित बुटवल उप महानगरपालिका ०७ नं. वडा कार्यालयको च.नं. २२५३ मिति २०८२/०३/०८ को सिफारिस वाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागी प्रमाणित गरिएको छ।



**वासुदेव घिमिरे**
**प्रमुख जिल्ला अधिकारी**



**ट्वाइलेट सफा गराउनुहोस्**

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
**बुटवल-१०, सुख्खानगर, रूपन्देही,**
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



**ट्वाइलेट सफा गराउनुहोस्**

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

**सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस**

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
**भैरहवा**
**९८६९७८९२७५,९८००७६०६२२**



**ट्वाइलेट सफा गराउनुहोस्**

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
**बर्मेलीटोल, भैरहवा**
**मो.9847324755,9804406297**

रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८२ असार १२ गते, बिहीबार
Thursday June. 26, 2025
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी

# लुम्बिनी खेलकुद परिषद्ले गऱ्यो खेलाडी सम्मान



दाङ। लुम्बिनी प्रदेश सरकारले अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै पदक तथा पुरस्कार प्राप्त गर्ने सफल खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सम्मान गरेको छ।

एक सय ४८ खेलाडी र १९ प्रशिक्षक गरी एक सय ६३ जनालाई बुधबार राप्ती उपत्यका(देउखुरी)मा एक कार्यक्रमका बिच सम्मान गरिएको हो। प्रदेश खेलकुद परिषद्को आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार खेलकुदको विकास, विस्तार र खेलाडी उत्पादनका लागि प्रतियोगिता महत्वपूर्ण माध्यम भएको र उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई सम्मान गरे हौसला प्रदान गरिएको परिषद्का सदस्य सचिव तिरणदाज गौतमले जानकारी दिए।

विश्वकप खो-खो प्रतियोगिता-२०२५ मा दोस्रो स्थान हाँसिल गर्ने ८ जना खेलाडीलाई प्रतिव्यक्ति दुई लाखको दरले सम्मान गरिएको छ। सो खेलका प्रशिक्षक र व्यवस्थापकलाई २ जनालाई प्रति व्यक्ति एक लाखको दरले सम्मान गरिएको छ।

दक्षिण एसियाली कराँते प्रतियोगितामा रजत पदक प्राप्त गरेका एक जना खेलाडीलाई एक लाख रुपैयाँले सम्मान गरिएको छ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका विभिन्न खेल विधाका एकल इभेन्टमा स्वर्ण पदक विजेता खेलाडी ५ जनालाई प्रतिव्यक्ति ३५ हजार, रजत पदक विजेता खेलाडीलाई १८ जनलाई प्रतिव्यक्ति २० हजार, काश्य पदक विजेता ४६ जनालाई प्रति व्यक्ति १५ हजार, सोही प्रतियोगिताको समूहगत इभेन्टमा स्वर्ण पदक विजेता १२ जना खेलाडीलाई प्रतिव्यक्ति २० हजार, समूहगत इभेन्टमा रजत पदक विजेता ३६ जना खेलाडीलाई प्रतिव्यक्ति १२ हजार, समूहगत इभेन्टमा काश्य पदक विजेता १२ जनालाई प्रतिव्यक्ति ८ हजार रुपैयाँ प्रदान गरी सम्मान गरिएको छ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका विभिन्न खेल विधाका स्वर्ण पदक विजेता खेलाडीका ६ जना प्रशिक्षकलाई व्यक्तिगत १५ हजार, रजत पदक विजेता खेलाडीका ८ जना प्रशिक्षकलाई व्यक्तिगत २५ हजार, काश्य पदक बिजेता खेलाडीका ५ जना प्रशिक्षकलाई व्यक्तिगत १० हजार, टि-२० विश्व कप नेत्रहिन क्रिकेट प्रतियोगीतामा भाग लिएका चार जना खेलाडीलाई प्रतिखेलाडी ५० हजार रुपैयाँले सम्मान गरिएको हो।

लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तिरणदाज गौतमले खेलाडीहरुलाई सम्मान गरेर प्रदेशले हौसला थपेको बताए।

# एशियन बुद्ध फाइनल प्रवेश



भैरहवा। भैरहवामा जारी जिल्लास्तरीय 'एशियन बुद्ध टी-१० क्रिकेट प्रतियोगिता'मा एशियन बुद्ध फाइनल प्रवेश गरेको छ। प्रतियोगिताअन्तर्गत बुधबार तीन खेल भएका थिए। एशियन बुद्धले न्यू होराइजन ३४ रनले पराजित गर्दै फाइलन यात्रा पक्का गरेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितरे ब्याटिङ गरेको एशियन बुद्धले निर्धारित खेलमा ७ विकेट गुमाएर १ सय २१ रनको बलियो लक्ष्य खडा गर्यो। जवाफमा होराइजनले ६ विकेट गुमाएर ८७ रन मात्रै बनायो र हार व्यहोर्यो। खेलमा ७० रन बनाउनुका साथै १ विकेट लिएका एशियन बुद्धका देव खनाल प्लेयर अफ द म्याच भए।

यस्तै अर्को खेलमा तिरुपति क्रिकेट क्लबले लुम्बिनी खुकुरी क्लबलाई ८ विकेटले हराएको छ। टस हारेर ब्याटिङको निम्तो पाएको खुकुरीले ८ विकेट गुमाएर ७५ रन बनायो। प्रतिउत्तरमा तिरुपतिले २ विकेट गुमाएर ७६ रन बनाउँदै जित निकाल्यो र सेमिफाइनल प्रवेश गर्यो। खेलमा ४१ रन र १ विकेट लिएका तिरुपतिका बसिर अहमद प्लेयर अफ द म्याच बने।

यसैगरी अर्को खेलमा प्रोफेनल मास्टर्स-११ ले टीम रेस्पोन्स लुम्बिनीलाई ५१ रनले पराजित गर्दै सेमिफाइनल पुगेको छ। टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले ४ विकेट गुमाएर १ सय १ रन बनायो। जवाफी ब्याटिङ गरेको टीम रेस्पोन्सले अलआउट हुँदै जम्मा ५० रन बनायो। खेलमा प्रोफेनलका ३ विकेट र ७ रन प्रहार गरेका सुरज खड्का प्लेयर अफ द म्याच बने।

प्रोफेसनल मास्टर्स-११ क्रिकेट क्लब, भैरहवाको आयोजनामा सञ्चालित प्रतियोगिताको विजयी टिमले ८० नगद र उपविजेताले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, सेमिफाइनल पुग्ने दुईवटा टिमलाई नगद १०-१० हजार प्रदान गरिने छ। आयोजकका अनुसार प्रतियोगितामा म्यान अफ द सिरिजलाई नगद १२ हजार, बेस्ट ब्याटर र बलरलाई नगद ८-८ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार दुई सय रुपैयाँ प्रदान गरिने छ। उत्कृष्ट क्याच र सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई समेत समान २ हजार ५ सय तथा दर्शकदिर्घाबाट छक्का क्याच गर्ने दर्शकलाई पाँच सय रुपैयाँ पुरस्कार प्रदान गरिने छ। प्रतियोगिताको मुख्य प्रायोजकमा भैरहवाको एशियन बुद्ध होटल रहेको छ।

शुक्रबार तिरुपति र प्रोफेसनल फाइनल प्रवेशका लागि सेमिफाइनलमा भिड्ने छन्। यो प्रतिस्पर्धाबाट बिजेतासँग एशियन बुद्धले उपाधिका लागि प्रतिस्पर्धा गर्ने आयोजकले जनाएका छन्।

# जितगढी युद्ध संग्राहलय सञ्चालन गर्न थप १२ करोड आवश्यक




**मीना ढकाल**
*बुटवल*

बुटवलको महत्वपूर्ण सम्पदाका रुपमा चिनाउने उद्देश्यले निर्माण गरिएको जितगढी युद्ध संग्राहालयले आर्थिक अभावका कारण पूर्णता पाउन सकेको छैन। करिब ७ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको सो संग्राहलय सञ्चालनका लागि थप १२ करोड आवश्यक पर्ने भएपछि आर्थिक अभावमा अलपत्र परेको हो। नेपाली सेना र अंग्रेज फौजबिच भएको युद्धको झल्को दिने र जितगढीको महत्वलाई उजागर गर्ने यसको मूल उद्देश्य हो।

बुटवल उप-महानगरपालिका वडा नम्बर १ मा पुरानो नगरपालिका रहेको करिब ३ कठ्ठा जग्गामा निर्माण भएको सो युद्ध संग्राहलय गत आर्थिक वर्षमै निर्माण सम्पन्न भएको थियो। संग्राहलय सञ्चालनका लागि आवश्यक सामग्रीहरु र आन्तरिक सजावटलगायतका कार्यहरु पूरा गर्न थप बजेटको आवश्यक रहेको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेको भनाइ छ। यो संग्राहलयको सुरुवातसँगै बुटवल आउने पर्यटकहरुलाई नुवाकोट, जितगढी किल्ला जस्ता महत्वपूर्ण स्थानको सहजै भ्रमण गराउन सकिने गरी व्यवस्था मिलाईने छ।

स्थानीयका अनुसार भवन निर्माण कार्य भए पनि युद्ध संग्राहालय सञ्चालनका लागि आवश्यक आन्तरिक साजसज्जा र युद्धकालिन सन्दर्भ सामग्रीहरु खरिदका लागि बजेट अभावका कारण अलपत्र जस्तै रहेको छ। ठेक्का पाएको भवन निर्माण कम्पनीले सम्झौता अवधीमा निर्माण सकेर उप-महानगरपालिकालाई हस्तान्तरण गरेको वर्ष बितिसक्दा पनि संग्राहलय सञ्चालन नहुनुका साथै निकट भविष्यमा पनि सञ्चालन हुने कुनै छाटकाँट नरहेको स्थानीयले बताएका छन्।

बाहिरको संरचना र मूल भवन निर्माण भैसकेको भए पनि बजेटको श्रोत सुनिश्चित हुन नसक्दा भवन भित्र निर्माण गरिने प्राचिन सामग्रीहरु, आन्तरिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, हातहतियारलगायत युद्ध सामग्रीहरु, तत्कालिन अवस्थाको पहिरन र परिवेशलगायतका वस्तुहरु राख्न नसकिएको उप-महानगरपालिकाले जनाएको छ। यद्यपी युद्ध सामग्रीहरु खोजी गर्ने, संकलन गर्ने कार्यहरु भैरहेको छ।

उपमहानगरका अनुसार निर्माण कम्पन्नी शिवशक्ति कन्सट्रक्सन प्रालि बानेश्वर काठमाडौंले २०७७ साल माघ २६ गते ठेक्का लिएको र २०८० असार १० गते निर्माण सम्पन्न गरी बुटवल उप-महानगरपालिकालाई हस्तान्तरण गरेको थियो। करिब ७ करोडमा निर्माण सम्पन्न भएको उक्त संग्रहालयमा पूर्णता दिन अझैं थप १२ करोड रुपैयाँको आवश्यकता पर्ने बुटवल उप-महानगरका इञ्जिनियर गौतम रौनियारले बताए।

संघीय सरकार र बुटवल उप-महानगरपालिकाको संयुक्त लगानीमा निर्माण सुरु गरिएको सो युद्ध संग्राहलय सञ्चालनका लागि थप बजेट जुटाउन आवश्यक प्रयास भैरहेको उल्लेख गर्दै इञ्जिनियर रौनियारले संघीय सरकार र प्रदेश सरकारका सरोकारवाला मन्त्रालय तथा निकायहरुमा बजेट माग गरिएको जानकारी गराए। भवन भित्र निर्माण गरिने प्राकृतिक तथा कृतिम संरचनाहरुको अध्ययन गरी डीपीआर तयार भैसकेको छ। थप बजेटका लागि प्रदेश र संघीय सरकारको पर्यटन मन्त्रालयमा माग गरिएको गौतमको भनाइ छ।

लुम्बिनी प्रदेशकै नमूना युद्ध संग्राहलयका रुपमा निर्माण गर्ने भनिएको यो संग्राहलय भवनका आन्तरिक संरचनाहरु तत्काल निर्माण सम्पन्न गरी छिटो सर्वसाधरणका लागि खुल्ला गर्नुपर्ने स्थानीयले माग गरेका छन्। यो भवन छिटो निर्माण सम्पन्न गरी सर्वसाधारणका लागि खुला गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राउन सकिने अपेक्षा गरिएको स्थानीय हरिप्रसाद उपाध्याय बताउँछन्।

आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गरी पर्यटकहरु भित्राउने उद्देश्यले निर्माण भएको यो संग्राहलय इतिहास र युद्धसम्बन्धी अध्ययन अनुसन्धान गर्ने अध्यताहरुका लागि भविष्यमा खोज तथा अध्ययनको केन्द्र पनि बन्न सक्ने अनुमान गरिएको छ। संघीय र स्थानीय सरकारले लगानी गरेको उक्त संरचनालाई पूर्णता प्रदान गरी सिघ्रातिसिघ्र सञ्चालनमा ल्याउनुपर्ने कुरामा बुटवलवासीहरुले जोड दिएका छन्।

सन. १८७१ देखि १८७३ सम्म नेपाल र तत्कालिन बेलायती ईष्ट इन्डिया कम्पनीका अंग्रेज सेनाबिच बुटवलमा पटक पटक युद्ध भएको थियो। पछिल्लो पटक कर्णेल उजिरसिंह थापा नेतृत्वको तत्कालिन नेपाली सेनाले अदम्य साहस, चतुरता र पराक्रम प्रदर्शन गरेर विजय हासिल गरेको थियो। जितगढीको विकास र संरक्षणका लागि नेपाली सेनाले विशेष चासो व्यक्त गर्दै आवश्यक सहयोग र सहकार्य गर्दै आएको बुटवल उप-महानगरपालिकाले जनाएको छ।

# कावासोतीको बजेट एक अर्ब ६१ लाख

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको कावासोती नगरपालिकाको १७औं नगर अधिवेशनले आगामी आर्थिक वर्षका लागि एक अर्ब ६१ लाख ४४ हजार रुपैयाँको बजेट पारित गरेको छ।

कावासोती नगरपालिकाको नगरसभाको मंगलबार भएको १७औं अधिवेशनमा नगर उपप्रमुख फूलकुमारी थनेतद्वारा प्रस्तुत १ अर्ब ६१ लाख ४४ हजार बराबरको बजेट सर्वसम्मत रुपमा पारित भएको हो।

नगरउपप्रमुख थनेतद्वारा प्रस्तुत बजेटमा आम्दानी तर्फ आन्तरिक स्रोतबाट ६ करोड ५० लाख, वित्तीय समानुकरण अनुदान नेपाल सरकारबाट १७ करोड २ लाख, राजस्व बाँडफाँट संघीय सरकारबाट १४ करोड ८३ लाख, सशर्त अनुदान संघीय सरकारबाट ४३ करोड ६६ लाख, विशेष अनुदान नेपाल सरकारबाट ४ करोड १८ लाख, समपुरक अनुदान नेपाल सरकारबाट ६० लाख हुने उल्लेख गरिएको छ।

त्यसैगरी वित्तीय समानीकरण अनुदान प्रदेश सरकारबाट २ करोड २८ लाख, सवारी साधन कर प्रदेश सरकारबाट २ करोड २८ लाख, विशेष अनुदान प्रदेश सरकारबाट ४० लाख, समपुरक अनुदान प्रदेश सरकारबाट २८ लाख, घरजग्गा रजिष्ट्रेशनबाट ४ करोड २० लाख, विज्ञापन करबाट ५ लाख ५१ हजार, नदीजन्य पदार्थ बिक्री राजस्व बाँडफाँट स्थानीयबाट ३ करोड ३० लाख र लागत सहभागिता १ करोड गरी कुल १ अर्ब ६१ लाख ४४ हजार आय प्राप्त हुने अनुमान गरिएको नगर उपप्रमुख फूलकुमारी थनेतले बताइन्।

त्यसैगरी व्ययतर्फ प्रशासनिक खर्च २१ करोड ११ लाख, मर्मत सम्भार कोषमा १ करोड, समपुरक कोषमा २ करोड ३५ लाख, विपद् व्यवस्थापन कोषमा १ करोड, नगरस्तरीय योजना तथा कार्यक्रममा १२ करोड १० लाख, वडास्तरीय योजना तथा कार्यक्रममा १२ करोड ९२ लाख खर्च हुने अनुमान गरिएको छ।

त्यसैगरी नगरउपप्रमुखद्वारा प्रस्तुत बजेटमा नगरस्तरीय पूर्वाधार विकासका लागि ६ करोड २५ लाख, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, पोषणलगायत सामाजिक विकासतर्फ ४ करोड, कृषि, पशुपंक्षी, सहकारी, पर्यटन, श्रम तथा रोजगार लगायत आर्थिक विकासतर्फ १ करोड २५ लाख, सुशासन तथा संस्थागत विकासतर्फ २० लाख विनियोजन गरिएको जनाइएको छ।

त्यसैगरी विपद जोखिम न्यूनीकरणका लागि केरुङ्गे खोला -कावासोती १, ३, ४ र ५ मा तटबन्धनका लागि ३ करोड ५० लाख बजेट विनियोजन गरेको उल्लेख छ। त्यसैगरी आमा स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलगायतलाई ७९ लाख, महिला, दलित, जनजाति, आदिवासी, अपाङ्गतालगायतका क्षेत्रमा २२ लाख ७० हजार बजेट विनियोजन गरिएको छ। नवलपुरको कावासोती नगरपालिकाले कावासोती नगरपालिकालाई 'कृषि, शिक्षा, स्वास्थ्य, पर्यटकीय शहरः पूर्वाधारयुक्त औद्योगिक समुन्नत कावासोती नगर बनाइने नीति तथा कार्यक्रम अगाडि सारेको छ।

कावासोती नगरपालिकाका नगरप्रमुख विष्णुप्रसाद भुसालले कावासोती नगरपालिकाको नगर सभाको १७औं नगर अधिवेशनमा मंगलबार यस्तो नीति तथा कार्यक्रम अगाडि सारेका हुन्।

नगरप्रमुख विष्णु भुसालद्वारा सार्वजनिक नीति तथा कार्यक्रममा नगर यातायात गुरुयोजना कार्यान्वयनमा ल्याएको उल्लेख गरिएको छ। त्यसका लागि प्राथमिकीकरण गरिएको सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको उल्लेख गरिएको छ। कावासोती नगरपालिकाले करिब ५ वर्ष अगाडि नगर चक्रपथ निर्माण गर्ने महत्वकांक्षी योजना अगाडि सारेको भए पनि अझैं पुरा गर्न सकेको छैन।

त्यसैगरी सबै खाले घर टहरा, सरकारी कार्यालय भवन निर्माण गर्दा अनिवार्य नक्सा पास गर्नु पर्ने नीति लिएको छ। त्यसैगरी उर्जामैत्री भवन निर्माणलाई प्रोत्साहन गरिने, अब बन्ने कावासोती ६, १३ र १७ नम्बरको वडा कार्यालय भवन उर्जा तथा वातावरणमैत्री निर्माण गरिने उल्लेख गरिएको छ।

त्यस्तै कावासोती नगरपालिकाभित्र पर्ने केरुङ्गे खोलाको किनारमा वडा नं. १ देखि १५ सम्मको क्षेत्रफालई तटबन्धन गरी खोलाको किनारमा हरियाली क्षेत्र निर्माण गर्ने, साइकल लेन बनाउने, फुटपाथसहितको कोरिडोर मार्ग निर्माण गर्ने योजना नगरप्रमुख विष्णु भुसालले अगाडि सारेका छन्।

त्यसैगरी कावासोती नगरपालिकाको फोहोर मैलो व्यवस्थापनलाई संघप्रदेशसँगको सहककार्यमा नयाँ प्रक्रियाबाट अगाडि बढाइन व्यवस्थित भौतिक संरचना निर्माण गरिने उल्लेख छ। नगरसभाको अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रममा फोहोरलाई पुन प्रयोग र प्रशोधन गर्न स्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ।

त्यसैगरी कावासोती ४ बाट भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लालपूर्जा वितरण सुरु गरेको जानकारी दिँदै नगरप्रमुख भुसालले बाँकी रहेका वडाहरुमा समेत क्रमश लालपूर्जा वितरण गर्दै जाने उल्लेख गरेका छन्।

त्यस्तै मध्यवर्ती क्षेत्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि नेपाल सरकार, मध्यवर्ती तथा निकुञ्ज कार्यालय, प्रकृति संरक्षण कोषसँग सहकार्य गरी उक्त क्षेत्रमा जग्गा नापजाँच प्रक्रिया अगाडि बढाउने उल्लेख गरिएको छ।

नगरप्रमुख भुसालद्वारा प्रस्तुत निति तथा कार्यक्रममा शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा २६ बुँदे नीति तथा कार्यक्रम समावेश गरिए पनि सामुदायिक स्कुलको निःशुल्क शिक्षालाई प्रथामिकतामा राख्न सकेको छैन। तथापि कक्षा १० सम्मका विद्यार्थीहरुलाई नेपाली र अंग्रेजी माध्यममका पाठ्यपुस्तक निःशुल्क रुपमा उपलब्ध गराउने उल्लेख गरिएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

महाराजगंज नगरपालिकाको अनुरोध
गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं
गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ।
- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं।
- अध्याँरोमा नहिडौं। अति आवश्यक परे टृच लाइट बालेर हिडौं।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं। घरायसी झारफुक, धामीझाँक्रीको अन्धविश्वासमा नपरौं।
अनुरोधक :
महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com